GLOBAL COLLEGE OF MANAGEMENT

# नमुना प्रश्नपत्र-२०७७

## विषय : सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा (००५१)

**कक्षा : ११** **पूर्णाङ्क : ७५**

## नमुना प्रश्न सेट - १

## समूह क

**अति छोटो उत्तर आउने प्रश्नहरू** **११ x १ = ११**

१. जीवनोपयोगी शिक्षा भनेको के हो ?

२. सामाजिक अध्ययन र सामाजिक विज्ञानबिचको कुनै एक भिन्नता लेख्नुहोस् ।

३. तनावमा परेको नजिकको साथीलाई तनाव व्यवस्थापन गर्ने कुनै एक सुझाव दिनुहोस् ।

४. परियोजना कार्य गर्ने सिलसिलामा समुदायका व्यक्तिहरूसँग कसरी कुराकानी सुरु गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

५. आधुनिक मानवको पुर्खा कसलाई मानिन्छ ?

६. तपाइँ बस्ने पर्यावरणीय क्षेत्रमा अनुकुलन हुन तपाइँले गर्नुभएका कुनै दुईओटा कार्यहरू लेख्नुहोस् ।

७. नेपालको प्रतिनिधि सभाको निर्वाचनका लागि कस्तो निर्वाचन प्रणाली अवलम्बन गरिएको छ ?

८. जनसाङ्ख्यिक लाभांश भनेको के हो ? एक वाक्यमा लेख्नुहोस् ।

९. विप्रेषणले नेपालको अर्थतन्त्रमा पारेको कुनै दुई प्रभाव लेख्नुहोस् ।

१०. विपद् जोखिमका दृष्टिकोणमा तपाइँ रहेको बस्ती कस्तो प्रकारको बस्ती हो ? यदि जोखिमयुक्त भएमा यस्ता जोखिमबाट सुरक्षित गर्ने कुनै एक उपाय लेख्नुहोस् ।

११. आहार र स्वस्थ जीवनबिचको सम्बन्ध एक वाक्यमा प्रस्ट पार्नुहोस् ।

## समूह ख

**तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् :** **८×५ = ४०**

१२. वर्ड फाइल (Word file) मा टाइप गर्दादेखि प्रिन्ट गर्दासम्म तपाइँ कुन कुन चरणहरू पूरा गर्नुहुन्छ ? लेख्नुहोस् ।

**अथवा**

तपाइँले परियोजना कार्य पूरा गर्नुपर्ने अवस्थामा समूह नेताको हैसियतले समूहलाई कसरी परिचालन गर्नुहुन्छ ?

१३. ढुङ्गे युगको जीवनपद्धतिलाई पाँचओटा बुँदामा उल्लेख गर्नुहोस् ।

१४. जीवनशैलीका आधारमा मानव र वातावरणबिचको सम्बन्ध व्याख्या गर्नुहोस् ।

१५. 'मध्यकालीन एसियामा आर्थिक उतारचढाव थियो' । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

१६. छुवाछुतविरुद्ध जनचेतना जगाउनुपर्छ भन्ने सन्देश दिँदै सम्पादकीयको नमुना तयार पार्नुहोस् ।

१७. बस्तीको परिचय दिँदै ग्रामीण बस्तीका कुनै चार प्रमुख विशेषताहरू उल्लेख गर्नुहोस् ।

१८. देशको आर्थिक विकासमा सरकारी, निजी र सहकारीसम्बन्धी तीन खम्बे आर्थिक नीतिले कसरी सहयोग पुऱ्याउँछ ?

१९. नेपालको संसदीय निर्वाचनमा समानुपातिक प्रतिनिधित्व प्रणालीको व्यवस्था गरिएको छ । यसले संविधानमा तोकिएका लिङ्ग, वर्ग, क्षेत्र र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकेको छ वा छैन ? समीक्षा गर्नुहोस् ।

**अथवा**

आमजनतामा गुणस्तरीय स्वाथ्यसेवाको पहुँच पुऱ्याउन राज्यले गरेका प्रयासहरूको समीक्षा गर्नुहोस् ।

## समूह ग

**तलका प्रश्नहरूको लामो उत्तर दिनुहोस् :** **३ × ८ = २४**

२०. तनाव र द्वन्द्वबिचको सम्बन्ध उल्लेख गरी द्वन्द्व रूपान्तरणमा तनाव व्यवस्थापनले कसरी भूमिका खेल्न सक्छ ? उदाहरणसहित पुष्टि गर्नुहोस् ।

२१. मानव समाज विकासको क्रममा पशुपालन तथा कृषि युगको सुरुआतको कारण उल्लेख गर्दै यस युगका विशेषताहरू चर्चा गर्नुहोस् ।

**अथवा**

नेपाली समाजमा जात प्रथाले उब्जाएका समस्याहरू पहिचान गर्दै यसका समाधानका उपायहरू उल्लेख गर्नुहोस् ।

२२. मितव्ययी जीवनशैलीका लागि तपाईंले केकस्ता व्यावहारिक अभ्यासहरू गर्नुभएको छ ? कुनै आठओटा व्यावहारिक अभ्यासहरू उल्लेख गर्नुहोस् ।

# नमुना प्रश्न सेट - २

## समूह क

**अति छोटो उत्तर आउने प्रश्नहरु** **११ x १ = ११**

१. जीवनोपयोगी शिक्षाको परिभाषा एक वाक्यमा लेख्नुहोस् ।

२. सामाजिक अध्ययन र सामाजिक शिक्षाबिचको भिन्नता एक वाक्यमा देखाउनुहोस् ।

३. समयमा निर्णय गर्न नसकिरहेको साथीलाई उचित समयमा प्रभावकारी निर्णयमा पुग्न कस्तो सल्लाह दिनुहुन्छ ?

४· टोली नेत्तृत्वको भूमिका निर्वाह गर्दा तपाइँ आफ्नो कार्यको थालनी कसरी गर्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

५· मस्तेरियन संस्कृतिको कुनै एक विशेषता लेख्नुहोस् ।

६. तपाइँ बस्ने पर्यावरणीय क्षेत्रको संरक्षण गर्न तपाईंले अवलम्बन गर्नुभएको कुनै दुईओटा उपायहरू लेख्नुहोस् ।

७. नेपालमा राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनका लागि कस्तो निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ ?

८· जनसाङ्ख्यिक सङ्क्रमणको अवस्था भन्नाले के बुझिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

९· भिन्नभिन्न समयमा विभिन्न किसिमका आर्थिक प्रयासहरू अवलम्बन गर्दा पनि नेपालले किन आर्थिक सम्मृद्धि हासिल गर्न नसकेको होला ? एक वाक्यमा आफ्नो विचार व्यक्त गर्नुहोस् ।

१०· विप्रेषण रकम उत्पादनभन्दा उपभोगमा खर्च भएको अवस्थामा यसको सदुपयोग कसरी गर्न सकिन्छ ? कुनै एक उपाय लेख्नुहोस् ।

११· नेपालमा प्रचलित कुनै एक परम्परागत स्वास्थ्य चिकित्सापद्धतिको नाम लेख्नुहोस् ।

## समूह ख

**छोटो उत्तर आउने प्रश्नहरु** **८ x ५ = ४०**

१२· दक्ष, प्रतिस्पर्धी, चेतनशील तथा विवेकशील नागरिक तयार पार्न सामाजिक अध्ययनले कस्तो भूमिका खेल्दछ ? कूनै पाँच भूमिका बुँदागत रूपमा लेख्नुहोस् ।

**अथवा**

तपाईले आफ्नो साथीलाई इमेल पठाउँदा कम्प्युटर खोल्नेदेखि पठाउनेसम्म कुन कुन चरण पूरा गर्नुहुन्छ ? लेख्नुहोस् ।

१३· होमोसेपियन्स मानव प्रजातिका कुनै पाँच विशेषताहरू लेख्नुहोस् ।

१४· भौगोलिक बनावट तथा हावपानीले मानव जीवनशैलीमा कस्तो प्रभाव पार्दछ ? उदाहरण सहित लेख्नुहोस् ।

१५· 'औद्योगिक क्रान्ति नै विश्वमा उपनिवेशीकरणको प्रमुख कारण हो' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

१६· जातीय भेदभाव र छुवाछुत अमानवीय व्यवहार हो भन्ने शीर्षकमा आधारित भई एक राष्ट्रिय दैनिक पत्रिकाका निम्ति लेख तयार पार्नुहोस् ।

१७ सहरीकरण भनेको के हो ? सहरी समाजका कुनै चार विशेषाताहरू लेख्नुहोस् ।

१८· नेपाल सरकारले देशको समग्र आर्थिक विकासका निम्ति तीन खम्बे आर्थिक नीति अवलम्बन गरेको छ, यस नीतिको महत्त्वबारे चर्चा गनुहोस् ।

१९· निर्वाचन बढी खर्चिलो भइरहेको सन्दर्भमा इमानदार र जनताको सेवा गर्ने व्यक्ति पछि पर्ने, पैसा खर्च गर्नसक्नेहरूले दलको टिकट पाउने र चुनावसमेत जित्ने अवस्था रहेको सन्दर्भमा चुनावलाई स्वच्छ, निष्पक्ष र कम खर्चिलो बनाउन के गर्न सकिन्छ ? समीक्षा गर्नुहोस् ।

**अथवा**

गुणस्तरीय स्वास्थ्य सेवाको दायरा बढाउनका लागि सामुदायिक सहभागिताको महत्त्व माथि समीक्षा गर्नुहोस् ।

## समूह ग

**लामो उत्तर आउने प्रश्नहरु** **३ x ८ = २४**

२०. आफूले नजानेका कुरा अरूसँग सोधेर सिक्ने र आफ्ना विचार राखेर अरूसँग सञ्चार गर्ने सिप अन्तरवैयक्तिक सिप हो ।" यस किसिमको सिपले कसरी सामाजिक सम्बन्ध स्थापना गर्न मद्दत पुग्दछ ? उदाहरणसहित पुष्टि गर्नुहोस् ।

२१. मानव समाजको विकासक्रममा कृषियुगको विकाससँगै समाजमा असमान वर्गहरू विकास हुँदै गएको प्रसङ्गलाई जोड्दै वर्तमान समयमा विकासले ल्याएको सामाजिक असमानताको व्याख्या गर्नुहोस् ।

**अथवा**

नेपालमा जाति व्यवस्थाको पृष्ठभूमि उल्लेख गर्दै यसले समाजमा पारेका प्रभावहरूको बारेमा चर्चा गर्नुहोस् ।

२२. सामाजिक जीवनशैलीलाई सन्तुलित बनाउन तपाइले केकस्ता व्यवहारिक उपायहरू अवलम्बन गर्नुभएको छ ? कुनै आठओटा व्यवहारिक उपायहरू उल्लेख गर्नुहोस् ।

******

# नमुना प्रश्न सेट - ३

## समूह क

**अति छोटो उत्तर आउने प्रश्नहरू** **११ x १ = ११**

१. सामाजिक विज्ञान भनेको के हो ?

२. सञ्चार सिप र अन्तरवैयक्तिक सिपबिचको कुनै एक भिन्नता देखाउनुहोस् ।

३. तपाईं आफ्नो साथीलाई बन्दाबन्दीको कारणले विद्यालयको शुल्क अनलाइनबाट भुक्तानी गर्दा आफ्नो विवरणको गोपयनीता कायम गर्न कस्तो सल्लाह दिनुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

४· तनाव व्यवस्थापनका निम्ति मनोपरामर्शले कसरी मद्दत पुऱ्याउँछ ? एक वाक्यमा आफ्नो विचार लेख्नुहोस् ।

५· . होमो नियन्डरथलेन्सिस मानव प्रजातिको पालामा विकास भएको सस्कृतिको नाम के थियो ?

६. विश्वको कुनै पनि ठाँउको समय पहिचान गर्ने सबैभन्दा महत्त्वपूर्ण उपाय लेख्नुहोस् ।

७. नेपालमा सबै वर्ग, क्षेत्र, लिङ्ग, आदिलाई समेट्नका निम्ति कस्तो निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ ?

८· जनसङ्ख्या व्यवस्थापन भन्नाले के बुझिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

९· वि.सं. २०४६ पछि नेपालले खुला बजारनीति अवलम्बन गरेको हो । यो अर्थनीतिले नेपालको अर्थतन्त्रमा पारेको कुनै दुई प्रभाव लेख्नुहोस् ।

१०· आयुर्वेदलाई संसारकै पुरानो जीवनविज्ञान मानिन्छ । यस विज्ञानको कुनै एक सकारात्मक पक्ष लेख्नुहोस् ।

११· स्वस्थकर सामाजिक जीवनशैली अपनाउने उपायहरूमध्ये तपाईंले अवलम्बन गरेका कुनै दुई उपायहरू लेख्नुहोस् ।

## समूह ख

**छोटो उत्तर आउने प्रश्नहरू** **८ x ५ = ४०**

१२· सामाजिक अध्ययन तथा सामाजिक विज्ञानबिचको समानता तथा भिन्नता बारे बुँदागत रूपमा लेख्नुहोस् ।

**अथवा**

तपाईं आफ्नो प्रस्तुतीकरणका निम्ति पावर पोइन्ट (power point) तयार गर्दा विषयवस्तुको चयनदेखि प्रिन्ट गर्दासम्मका चरणहरु वताउनुहोस् ।

१३· निम्नपुरापाषण र पुरापाषण कालमा विकास भएका संस्कृतिहरू बिचको कुनै पाँच भिन्नता लेख्नुहोस् ।

१४· भौगोलिक बनावटका आधारमा नेपाललाई तीनवटा पर्यावरणीय क्षेत्रमा वर्गीकरण गरिएको छ । ती पर्यावरणीय क्षेत्रबिचको अन्तरसम्बन्ध बारे लेख्नुहोस् ।

१५· इतिहास लेखनका मूल प्रवृत्तिहरू बारे छोटकरीमा चर्चा गनुहोस् ।

१६· जात प्रथाका अवधारणाहरू प्रस्तुत गर्दै यसबाट सिर्जित विभेद हटाउन वर्तमानमा अवलम्बन गर्नुपर्ने उपायहरू समेटी साथीलाई एक चिठी लेख्नुहोस् ।

१७ बस्ती भनेको के हो ? ग्रामीण बस्तीलाई सहरी बस्तीमा रूपान्तरण गर्न अवलम्बन गर्नु पर्ने कुनै चारओटा उपायहरू लेख्नुहोस् ।

१८· विप्रेषण रकम उत्पादनभन्दा उपभोगमा खर्च भएका अवस्थामा यसको सदुपयोग कसरी गर्न सकिन्छ, बुँदागत रूपमा सुझाव दिनुहोस् ।

१९· वर्तमान नेपालको संविधानलाई लोकतान्त्रिक, प्रजातान्त्रिक र प्रगतिशील संविधानको रूपमा लिइएको छ । यसले नेपालको बहुसांस्कृतिक पहिचानलाई कसरी सम्बोधन गरेको छ । उदाहरणसहित पुष्टि गर्नुहोस्

**अथवा**

विद्युतीय स्वास्थ्य (ई स्वास्थ्य) विद्युतीय प्रक्रिया तथा सञ्चार माध्यमबाट गरिने स्वास्थ्योपचार पद्धतिलाई बुझाउन प्रयोग गरिने तुलनात्मक रूपमा नयाँ शब्द हो । वर्तमान सूचना प्रविधिको विश्वमा यसको महत्त्वमाथि चर्चा गर्नुहोस् ।

## समूह ग

**लामो उत्तर आउने प्रश्नहरू** **३ x ८ = २४**

२०. निर्णयका लागि उपयुक्त विकल्प छनोट गर्दा त्यसको कार्यान्वयनको अवस्था, सो विकल्प छनोट गर्नुको कारण र आफूलाई लागेको अनुभूति विचार गरी निर्णय गर्नुपर्दछ । यसका प्रकार र चरणहरूका सम्बन्धमा लेख्नुहोस् ।

२१. मध्यकालीन एसियाको आर्थिक उदय तथा सङ्कुचन सम्बन्धमा चर्चा गर्नुहोस् ।

**अथवा**

जात प्रथाका अवधारणाहरू प्रस्तुत गर्दै यसबाट सिर्जित विभेद हटाउन वर्तमानमा कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ, चर्चा गर्नुहोस् ।

२२. 'निजी क्षेत्र, सहकारी र सार्वजनिक क्षेत्रबिचको साझेदारीबाट नै आर्थिक विकास हुन सक्छ ।' यस भनाइप्रति आफ्नो धारणा प्रस्तुत गर्नुहोस् ।

*******

# नमुना प्रश्न सेट - ४

## समूह क

**अति छोटो उत्तर आउने प्रश्नहरू** **११ x १ = ११**

१. सामाजिक अध्ययनका कुनै दुई विधाहरू लेख्नुहोस् ।

२. तनाव व्यवस्थापनको दीर्घकालीन उपाय भन्नाले के वुझिन्छ ? लेख्नुहोस् ।

३. कम्प्युटरमा फाइल सुरक्षित गरी गोपनीयता कायम गर्नका निम्ति आफ्नो साथीलाई के सल्लाह दिनुहुन्छ ? एक वाक्यमा लेख्नुहोस्

४. मनोपरामर्श तनाव व्यवस्थापनका निम्ति एक महत्त्वपूर्ण माध्यम हो । कुनै एक कारण दिनुहोस् ।

५. आधुनिक मानवको सबैभन्दा नजिकको पुर्खालाई के भनिन्छ ?

६. विश्वको कुनै पनि ठाउँको समय देशान्तरका आधारमा पहिचान गरिन्छ भने अक्षांशको कुनै एक महत्त्व लेख्नुहोस् ।

७. नेपालको प्रादेशिक सभा गठनका निम्ति कुन कुन किसिमको निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ ?

८. जन्मविरुद्धको नीति र जन्म पक्षको नीतिबिच कुनै एक भिन्नता लेख्नुहोस् ।

९. तपाई बसेको क्षेत्रको समग्र आर्थिक विकासका निम्ति कुनै दुई उपायहरूको सूची तयार पार्नुहोस् ।

१०. एलोप्याथी र आयुर्वेद चिकित्सा पद्धतिबिचको कुनै एक भिन्नता लेख्नुहोस् ।

११. तन्दुरूस्ती कायमका साथसाथै सामाजिकीकरणको सिप पनि विकास गर्न मद्दत पुऱ्याउने सबैभन्दा प्रभावकारी माध्यम के हो ? एक उदाहरण दिनुहोस् ।

## समूह ख

**छोटो उत्तर आउने प्रश्नहरू** **८ x ५ = ४०**

१२. डिजिटल साक्षरता भनेको के हो ? माइक्रोसफ्ट वर्डमा कागजात तयार गर्ने र सुरक्षित गर्ने तरिकाबारे लेख्नुहोस् ।

**अथवा**

सामाजिक अध्ययन विषयका विभिन्न विधाहरू अनुरूप विषयवस्तुमा आधारित सिपहरू पनि सिकाउनु पर्दछ । यसका निम्ति आवश्यक पर्ने कुनै पाँच सिपहरूको बारेमा लेख्नुहोस् ।

१३. पुँजीवादी र औद्योगिक समाजको विकासले विश्वमा ल्याएको सकारात्मक र नकारात्मक परिवर्तनहरूबारे छोटकरीमा चर्चा गर्नुहोस् ।

१४. तपाई बसोबास गर्ने पर्यावरणीय क्षेत्रको हावापानीले मानव जनजीवनमा कस्तो प्रभाव पारेको छ ? चर्चा गर्नुहोस् ।

१५. औद्योगिक क्रान्तिले नेपाललगायत विश्वमा पारेको प्रभावबारे लेख्नुहोस् ।

१६. छुवाछुत अमानवीय र गैरकानुनी कार्य हो भन्ने कुरा पुष्टि गर्दै समाजमा छुवाछुत गर्नेहरूलाई सचेतना जगाउने गरी साथीलाई चिठी लेख्नुहोस् ।

१७ 'जनसाङ्ख्यिक लाभांशको उपयोगले देशको आर्थिक विकाससँग प्रत्यक्ष सरोकार राख्दछ' यस भनाइलाई पुष्टि गर्नुहोस् ।

१८. 'आर्थिक विकासमा सार्वजनिक, निजी र सहकारी क्षेत्र एकअर्काका परिपूरक हुन् ।' यस मान्यताको प्रभावकारी कार्यान्वयनका निम्ति अवलम्वन गर्नुपर्ने कुनै पाँच उपायहरू लेख्नुहोस् ।

१९. तपाईंको समुदायमा कहिलेकाहीँ विभिन्न किसिमका चुनौतीहरूबाट सुरक्षित हुनुपर्ने अवस्था पर्न जान्छ । तपाईंको समुदायमा पर्ने एउटा सुरक्षा चुनौतीबाट उन्मुक्ति हुने तत्कालीन एवम् दीर्घकालीन योजनाको नमुना तयार गर्नुहोस्

**अथवा**

कुनै पनि व्यक्ति, परिवार र समुदायको जिउने तरिकालाई जीवनशैली भनिन्छ । स्वस्थ जीवनशैलीले मानिस स्वस्थ र सुखी रहन्छ भने अस्वस्थ जीवनशैलीले मानिसलाई रोगी र दुःखी बनाउँछ । सामाजिक जीवनलाई सन्तुलित गर्ने कुनै पाँच उपायहरू लेख्नुहोस् ।

## समूह ग

**लामो उत्तर आउने प्रश्नहरू** **३ x ८ = २४**

२०. आजको विश्व सूचना प्रविधिको युगमा भएकाले सामाजिक सञ्जाल प्रयोग नगर्ने भन्ने कुरा सम्भव त होला तर व्यावहारिक हुँदैन । त्यसैले तपाईँले सामाजिक सञ्जाल प्रयोग गर्दा अपनाउनुपर्ने सावधानीहरूका बारेमा लेख्नुहोस् ।

२१. आधुनिक मानव संस्कृतिको आधार पुरापाषण संस्कृति नै हो । पुरापाषण संस्कृतिका विभिन्न कालखण्डबारे छोटकरीमा लेख्नुहोस् ।

**अथवा**

'नेपाल बहुसांस्कृतिकता र सामाजिक एकताबिचको अन्तरसम्बन्धका आधारमा स्थापित एक स्वतन्त्र मुलुक हो' आदिम कालदेखि रहेको यस मान्यतालाई अझ बढी व्यवस्थित गर्न अवलम्वन गर्न सकिने उपायहरूका बारेमा लेख्नुहोस् ।

२२. विदेशमा काम गरेर प्राप्त पारिश्रमिकलाई आफ्नो घरपरिवार चलाउनका लागि स्वदेशमा पठाएको रकमलाई विप्रेषण रकम (Remittance) भनिन्छ । यस किसमिको रकमलाई कसरी प्रभाावकारी ढङ्गले सदुपयोग गर्न सकिन्छ ? कुनै आठ उपायहरू लेख्नुहोस् ।

*******